annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९९ पृष्ठ ८ | काठमाडौं, मंगलबार २० फागुन २०८१ | फाल्गुन शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४५ | TUESDAY, MARCH 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कर्णालीमा आसलाग्दो पर्यटन

## स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढ्दो



**कर्णालीमा पर्यटनको प्रचुर सम्भावना रहेका हजारौं स्थान छन् । अधिकांश ओझेलमा छन् । तर, पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकको आगमन बढिरहेको छ । यसले कर्णालीको समग्र पर्यटन विकासमा ठूलो टेवा पुग्नेछ । प्राकृतिक सुन्दरताले भरिपूर्ण कर्णालीको सुन्दरता विश्वमाझ देखाउन सके कर्णालीले मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन सक्छ । कर्णालीलाई पर्यटकीय हबका रूपमा विकास गर्न मुलुकका तीनवटै तहका सरकारको ध्यान जानु जरुरी देखिन्छ ।**

समाचार पृष्ठ २

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**- को रिपोर्ट**

रारामा बोटिङ गरेर रमाउँदै पर्यटक । ● बिस्नप्रसाद न्यौपाने

## ट्रम्पले आफ्नो योजना संसद्मा पेस गर्ने

**वासिङटन** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार कंग्रेसको संयुक्त सत्रलाई सम्बोधन गर्दै छन्। उक्त अवसरमा उनले अमेरिकी राष्ट्रपतिका रूपमा संयुक्त राज्य अमेरिका र विश्वका लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने छन्। सन् २०२० को चुनावमा पराजय पछिको ४ वर्षपछि अमेरिकी संसद् भवनमा हुने उनको यो पहिलो सम्बोधन हो। रिपब्लिकन राष्ट्रपतिले आफ्नो कार्यकालको पहिलो ४३ दिनमा जारी गरिएको कार्यकारी आदेशको पुनरावलोकन गर्ने र बाँकी १ हजार ४ सय १९ दिनको खाका पेस गर्ने अपेक्षा गरिएको छ।

अलाबामाका सिनेटर तथा पूर्वफुटबल प्रशिक्षक टोमी ट्युबरभिलले इन्स्टाग्राममा भनेका छन्, 'राष्ट्रपति ट्रम्पले आफ्नो प्रशासनको अहिलेसम्मको जितलाई उजागर गर्ने र आगामी चार वर्षका लागि 'गेम प्लान' प्रस्तुत गर्ने छन्। एउटा कुरा निश्चित छ, यो पूर्वराष्ट्रपति जो बाइडनको नेतृत्वमा विगत चार वर्षमा हामीले भोगेको 'जोकर शो' भन्दा धेरै फरक हुनेछ।'

# जबजकै कारण एमाले निर्णायक शक्ति : पूर्वराष्ट्रपति भण्डारी

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जननेता मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज) स्मरण गरेकी छन्। पत्रकार एवं नवनियुक्त एमालेका प्रसार तथा प्रकाशन विभागका सचिव गणेश पाण्डेको 'केपी शर्मा ओली : सपना, संघर्ष र संकल्प' पुस्तकको लोकार्पणमा पूर्वराष्ट्रपति भण्डारीले जबजकै कारण एमाले निर्णायक शक्तिका रूपमा स्थापित भएको बताएकी छन्।

'जननेता मदन भण्डारीले अघि सार्नु भएको जबजलाई नेकपा एमालेले मार्गदर्शक सिद्धान्तका रूपमा अंगिकार गरेको छ,' उनले भनिन्, 'एमालेले आफू यही सिद्धान्तको आधारमा निर्णायक शक्तिका रूपमा आफूलाई स्थापित गरेको छ। सामाजिक न्यायसहित सुदृढ अर्थतन्त्रको निर्माण गर्ने संकल्प गरेको छ।' उनले एमालेसँग जनआधारित अनुशासित, समर्पित कार्यकर्ता र सदस्यको व्यापक



विस्तारित पंक्ति रहेको बताइन्। एमालेसँग अनुभवी, संयमी र दृढ संकल्प भएको नेतृत्व तह रहेकाले कुनै घटनाले विचलित तुल्याउन नसक्ने उनको भनाइ छ। उनले भनिन्, 'बहुलवाद र बहुदलीय प्रतिस्पर्धालाई उच्च प्राथमिकता दिएर राजनीतिक श्रेष्ठताबाट नै सरकारको नेतृत्वमा पुग्ने र सामाजिक आर्थिक रूपान्तरण गर्ने लक्ष्य लिएको एमालेलाई कुनै पनि राजनीतिक घटनाले तथा परिघटनाले बिचलित तुल्याउन सक्दैन।' उनले सबै दलहरूले लोकतान्त्रिक मूल्यमान्यताको आत्मासात गर्नुपर्ने बताएकी छन्।

पूर्वराष्ट्रपति भण्डारीले मुलुकको राजनीतिक, सामाजिक तथा आर्थिक परिवर्तन गर्न एमालेको महत्वपूर्ण योगदान रहेको बताएकी छन्। उनले एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई कुशल रणनीतिकार र राजनेताको संज्ञा दिएकी छन्। उनले भनिन्, 'अतुलनीय सक्रियता, अदम्य इच्छाशक्ति र सिर्जनशील क्षमताका धनी प्रधानमन्त्री एक अब्बल एवं लोकप्रिय राजनेता हुनुहुन्छ।'

उनले ओलीको एमालेले गुटफुटलाई परास्त गर्दै एकताबद्ध बनाएको भन्दै प्रशंसा गरेकी छन्।

**कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन योगदान खेल्न अपेक्षा**

पूर्वराष्ट्रपति भण्डारीले प्रधानमन्त्री ओलीलाई आगामी दिनमा पनि कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउने भूमिका खेल्न आग्रह गरेकी छन्। 'नेकपा एमालेको आन्तरिक जीवनलाई लोकतान्त्रीकरण गर्न कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन, तथा उत्पन्न हुने गुट र फुटलाई परास्त गरेर पार्टीलाई सुदृढ तुल्याउन निर्वाह गर्नुभएको भूमिकाको सराहना गर्दछु,' उनले भनिन्, 'साथै भविष्यमा समेत यस किसिमको रचनात्मक पहलकदमी अग्रसरता कायम राख्दै नेपाली कम्युनिस्ट आन्दोलनलाई थप एकताबद्ध बनाएर सफलताको अर्को सिँढी उकाल्न उहाँबाट ठूलो योगदान पुग्ने नै छ।'

एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी भण्डारीले ओलीमाथि नेता कार्यकर्ताको पनि कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन भूमिका खेल्ने अपेक्षा रहेको बताएकी छन्।

एमालेका महासचिव शंकर पोखरेलले केपी शर्मा ओलीले प्रधानमन्त्री भएर राष्ट्रको जीवनमा असाधारण काम गरेको बताए। महासचिव पोखरेलले ओली प्रधानमन्त्री हुँदा नाकाबन्दीको सामना गरेको स्मरण गरे।

» बाँकी पृष्ठ ६

